**Talking Business, Talking Change**

२०६६ साउन २

## आर्थिक वर्ष २०६६/६७ को बजेटमाथि परिसंघको प्रेस विज्ञप्ति

१. आर्थिक वर्ष २०६६/६७ का लागि सार्वजनिक बजेटले विगत डेढ दशकको अवधिका विभिन्न सरकारहरुले ल्याएका राम्रा कार्यक्रमहरुलाई पार्टीगत पूर्वाग्रहलाई छोड्दै निरन्तरता दिएकोले जुनसुकै सरकार आए पनि राम्रा कार्यक्रमहरुले निरन्तरता पाउने शुरुवात गरिएको र यस्तो परम्परा कायम रहिरहोस् भन्ने परिसंघको धारणा रहेको छ।

२. यस वर्षको बजेटमा नेपाल उद्योग परिसंघले दिएका निम्न सुझावहरु सम्बोधन भएकोमा परिसंघले सकारात्मक रुपमा लिएको छ।

- वर्षभरी रोजगारी प्रदान गर्ने उद्योगलाई कर छुटको सुविधामा अनुपातिक व्यवस्था गरिने, ३३ प्रतिशत महिला, दलित वा अपाङ्ग समेत समावेश एक सयजना नेपाली कामदारलाई रोजगारी दिने उद्योगलाई २० प्रतिशत आय कर छुट दिने,
- उद्योग व्यवसायमा थप लागत पर्ने कवाडी कर, स्थानीय विकास शुल्क खारेजी,
- कृषि सुधार शुल्कमा कटौति
- जग्गा धितोमा राख्दा लाग्ने लिखत सेवा शुल्कमा कटौति
- पूँजीगत लाभकरको दर घटाउने,
- High Seas Sale को सम्भाव्यता अध्ययन गर्ने,
- नेपाली लगानीकर्तालाई विदेशमा लगानीको लागि अनुमति दिने
- लोकमार्गहरुमा कुनै पनि निकायले ढाट वा अवरोध राख्न नपाइने व्यवस्था कडाईका साथ लागु गर्ने
- सिण्डिकेट प्रणालीको पूर्णरुपमा अन्त्य गरिने,
- सार्वजनिक तथा निजी यातायातका साधनहरुले अनिवार्य रुपमा तेस्रोपक्ष वीमा गर्नुपर्ने व्यवस्था गरिने,
- राष्ट्रिय लोकमार्ग, सहायक मार्ग वा सार्वजनिक स्थलमा अवरोध गरी आर्थिक क्षति पुऱ्याउनेहरुबाट क्षतिपूर्ति गराउने कानूनी व्यवस्था गरिने
- आफ्ना मांगको सुनुवाईको लागि गरिने विरोध कार्यक्रमलाई मर्यादित वनाउन सांकेतिक विरोधका कार्यक्रम, विरोध सभा, कालो पट्टी, मागको प्रस्तुति, आंशिक समयको धर्ना र वहस जस्ता कार्यक्रमहरु तोकिएको स्थानमा मात्र गर्न पाइने व्यवस्था गर्ने

३. उच्च र द्रुततर आर्थिक विकास तथा औद्योगिकरणको लागि पूर्वाधार क्षेत्रको विकास गर्नु अपरिहार्य रहेको कुरालाई परिसंघले जोड दिंदै आएको छ। यसै परिप्रेक्षमा बजेटले आगामी आर्थिक वर्षलाई पुर्वाधार विकास वर्ष मानेर यस क्षेत्रमा ३३ अर्ब रकम विनियोजन गरी सडक निर्माणमा मात्र १८ अर्ब छुट्ट्याएकोले बजेटले सही दिशा अलम्बन गरेको परिसंघको ठम्याईछ। यसका अलवा बजेटले अवलम्बन गरेका निम्न कार्यक्रमहरु कार्यान्वयन हुन सकेको खण्डमा यसले मुलुकको आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्नेछ-

- राष्ट्रिय प्राथमिकता र गौरवको आयोजनाको रुपमा नेपाल सरकारको आफ्नै स्रोतबाट सम्पन्न गरिने १३० मेगावाटको माथिल्लो सेती जलविद्युत परियोजना, काठमाडौं निजगढ द्रुत राजमार्ग, र पूर्व-पूर्वपश्चिम हुलाकी राजमार्ग,
- बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा र भैरहवामा क्षेत्रिय विमानस्थल,
- काठमाडौं वाह्य चक्रपथ निर्माण
- विद्युत प्रसारण लाइन विस्तार गरिने
- नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशनको संयुक्त लगानीमा रक्सौल–अमलेखगन्ज पेट्रोलको पाइप लाइन निमार्ण गर्ने,
- स्थानीय कच्चा पदार्थमा आधारित सिमेन्ट उद्योगको प्रवर्द्धनका लागि निर्माणस्थलसम्म विद्युत प्रसारण लाइनको विस्तार, सबस्टेशन निर्माण र सडक निर्माणका लागि बजेट विनियोजन

४. गलैचा उद्योगको पुनरुत्थानका लागि सुझाव दिन उच्चस्तरीय कार्यदल गठन गर्ने, नेपाली चिया र कफीलाई 'नेपाल चिया' र 'नेपाल कफी' को नामबाट अन्तर्राष्ट्रिय बजारमा लैजान आवश्यक पर्ने व्यापारिक पहिचानको खर्च नेपाल सरकारले व्यहोर्ने व्यवस्था सकारात्मक छ।

**५. बजेटमा उपरोक्त राम्रा र सकारात्मक कुराहरु समावेश भएतापनि केही विषयहरुबारे प्रश्न उठाएको र निम्नकुराहरुलाई सम्बोधन गर्न नसक्नु यस बजेटको दुखदः पाटोको रुपमा नेपाल उद्योग परिसंघले लिएको छ।**

- एकातर्फ निजी क्षेत्रको लगानी घट्दै गएको छ भने लगानीलाई निरुत्साहित पार्ने असुरक्षा, लोडसेडिङ, बन्द, हड्ताल, चक्काजामजस्ता गतिविधिको असर कम पार्ने खालका कुनै पनि ठोस कार्यक्रम देखिंदैन। यस्तो अवस्थामा निजी क्षेत्रको लगानी घट्ने क्रम निर्विवाद जारी रहनेछ।
- उद्योग-व्यापार, व्यवसाय गर्ने कार्य सरकारको होइन, केही अत्यावश्यक सेवामुलक कार्य बाहेक अन्य उद्योग व्यवसाय निजी क्षेत्रलाई नै छोडी दिनु पर्दछ भन्ने निजी क्षेत्रको अवधारणा रहेको छ भने विगतको सरकारले सार्वजनिक क्षेत्रलाई प्राथमिकताका साथ अगाडि

बढाएकै हो । यस विषयमा वर्तमान सरकारको अवधारणा के हो ? बजेटमा सार्वजनिक संस्थानहरुको भूमिका बारे स्पष्ट दृष्टिकोण आउन सकेको छैन ।

- बजेटमा सहकारी क्षेत्र नै सबै समस्याहरुको समाधान गर्ने संयन्त्रको रुपमा लिइएको आभाष आउँछ । सहकारीको भूमिका अवश्य पनि महत्वपूर्ण हुन्छ । तर ठूलाठूला कार्यहरु सहकारी क्षेत्रले गर्न सक्छ/सक्दैन त्यो प्रश्नकै विषय हो ।
- विगत झन्डै एक दशकदेखि नयाँ औद्योगिक नीति तथा वैदेशिक लगानी नीति जारी गर्ने कुरा लामो समयसम्म मन्त्रिपरिषद्मै थन्केर बसिरहेको छ । तर बजेटले यथाशीघ्र पारित गरी लागू गर्ने कुरामा प्रतिबद्धता गर्न सकेको छैन ।
- प्रधानमन्त्रीको अध्यक्षतामा लगानी बोर्ड गठन गरिने उल्लेख भए पनि त्यसको संरचनाबारे बजेटले प्रष्ट पार्न सकेको छैन । लगानी बोर्डमा निजी क्षेत्रको प्रभावकारी भूमिका विना यस्तो बोर्ड प्रभावकारी हुन सक्दैन ।
- विशेष आर्थिक क्षेत्र निर्माणको क्रमलाई यस बजेटले निरन्तरता दिने मात्र उल्लेख गरेको छ । विशेष आर्थिक क्षेत्र निर्माण कार्यलाई युद्धस्तरमा अगाडि बढाउनु आवश्यक छ ।
- विगत केही वर्षदेखि अत्यन्त न्यून वृद्धि रहेको तथा गत वर्ष ०.५ प्रतिशतले ऋणत्मक हुन पुगेको उत्पादनशील उद्योग क्षेत्रको विकासका लागि बजेटले कुनै ठोस कार्यक्रम ल्याउन सकेको छैन ।
- क्रुड सोयाविन र सनफ्लावरको कच्चा पदार्थ आयात शुल्क ५ प्रतिशत लाग्दै आएको तथा मुल्य अभिवृद्धि करको ५० प्रतिशत छुटको व्यवस्था रहदै आएकोमा बजेटले यी बस्तुमा दिंदै आएको मूल्य अभिवृद्धि कर छुटको व्यवस्था खारेज गरेको छ । साथै क्रुड पाम आयलको भन्सार महशुल साविकमा कायम रहेको १ प्रतिशतबाट बढाई ५ प्रतिशत पुऱ्याइएको छ । यस व्यवस्थाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष गरी करिब ८ हजार रोजगारी प्रदान गरेका तथा राजश्वमा एक अर्ब योगदान दिएको २१ वटा वनस्पति घ्यू तेल उद्योग बन्द हुने अवस्था सृजना हुन जानेछ । भारतबाट यी बस्तुको अवधै चोरी पैठारी हुने र बृद्धि भएको महशुलबाट १० प्रतिशतले मुल्य वृद्धि हुन जानेछ
- घिउ तथा प्लाष्टिक उद्योगको कच्चा पदार्थमा लागि आएको भन्सार दरमा वृद्धि गरिदाँ यस क्षेत्रमा भएका केही उद्योगहरु पनि बन्द हुने अवस्थामा पुगेका छन ।
- उद्योग कलकारखानामा आवश्यक आयात गरिने मेसिनरी समानहरुमा भन्सार दर २.५ प्रतिशतबाट घटाइनु पर्नेमा झन ४ प्रतिशतमा वृद्धि हुँदा औद्योगिक विकासमा सहयोग पुग्ने देखिदैन ।
- लोडसेडिङ्गको मार्का भोगी रहेका उद्योगहरुलाई सहुलियत र सुविधा नदिएकोले यस समस्याबाट उद्योग व्यवसाय थप समस्यामा पर्ने निश्चित छ ।
- मुल्य अभिवृद्धि करको बहुदर कायम नहुन, भ्याटको थ्रेसहोल्ड खारेज गर्ने जस्ता महत्वपूर्ण कुराहरुलाई बजेटले गम्भिर रुपमा लिइएको देखिदैन ।
- रुग्ण भएका उद्योगहरुलाई संगठित र व्यवस्थित तरिकाबाट पुनरुत्थान गर्नेतर्फ बजेट मौन रहनु राम्रो कुरा होइन ।
- नेपालको वार्षिक वैदेशिक व्यापार घाटा २०८ अर्ब रुपैयाँ नाघेको कुरा बजेटमै उल्लेख छ । निर्यात मुलक उद्योगको विकासका लागि गलैचा चिया, कफी लगायतका केही बस्तुहरुको उल्लेख गरे बजेटमा सम्रग रुपमा निर्यात मुलक उद्योगको विकासका लागि ठोस कार्यक्रमहरु आउन सकेका छैन ।
- पूँजीगत लाभ करको दर घटाइए पनि दीर्घकालिन लगानीकर्ताहरुका लागि पूँजीगत लाभकर हट्न सकेको छैन ।
- नगरपालिकहरु भित्र बैंक तथा वित्तीय संस्था, होटल, लज र रेष्टुरेन्टहरु स्थापनाको लागि निश्चित स्थान तोकी नयाँ स्थापना हुने यस्ता संस्थाहरुले तोकिएको स्थानमा मात्र व्यवसाय गर्न पाउने तथा हाल सञ्चालनमा रहेका यस्ता संस्थाहरुले एक वर्ष भित्र तोकिएका स्थानमा अफ्नो व्यवसाय सार्ने नीति ज्यादै अव्यवहारिक छ ।
- विशेष उद्योगमा भएको लगानी बाहेक अन्य लगानीमा लगानीको स्रोत खोज्ने आंशका रहकोले लगानीकर्ता ढुक्क हुने अवस्था देखिदैन ।
- करयोग्य आयको छुटको सीमालाई वृद्धि गर्ने कार्य सकारात्मक भए पनि छुटको सीमा भित्रको करयोग्य आयमा एक प्रतिशत कर लाग्ने प्रावधानले करछुटको सीमा वृद्धिलाई अर्थहिन बनाएको छ ।
- बजेटले आर्थिक कुटनीतिको पक्षलाई सम्बोधन गर्न सकेको छैन । विदेशस्थित कुटनीतिक नियोगहरुलाई राष्ट्रिय आर्थिक हितका निमित्त परिचालन गरी आर्थिक सहयोग, पर्यटन प्रर्वद्धन, नेपाली वस्तु तथा सेवाको निर्यात विस्तार, बैदेशिक रोजगारी प्रर्वद्धन, वैदेशिक लगानी अभिवृद्धिजस्ता काममा लगाउनु जरुरी छ ।

---

CONFEDERATION OF NEPALESE INDUSTRIES
303, Bagmati Chambers, Teku, Kathmandu, Nepal
Tel: 4243711, 4244686, Fax: 4244687; Email: cni@wlink.com.np